कम्पनी ऐन, २०६३ अन्तर्गत संस्थापित र संचालित

# पियोर इनर्जी लिमिटेड

# Pure Energy Limited

PURE ENERGY LTD

**रजिष्टर्ड कार्यालय** : काठमाडौं जिल्ला, का.म.न.पा., वडा.नं.१३, सोल्टीमोड, छिन्नलता चोक, फोन नं.: ०१-५६७१२००/२०१
इमेल: info@pureenergynepal.com वेवसाइट: www.pureenergynepal.com

को

## आयोजना प्रभावित क्षेत्रका स्थानीय बासिन्दाहरु र वैदेशिक रोजगारीमा रहेका नेपालीहरुको निमित्त साधारण शेयर निष्काशन तथा बिक्री बन्द गरिएको बारे सूचना

पियोर इनर्जी लिमिटेडले आफ्नो जारी पूँजी रु.८०,००,००,०००/- (अक्षरेपी असी करोड मात्र) मध्ये २% अर्थात रु.१,६०,००,०००/- (अक्षरेपी एक करोड साठी लाख) रकम बराबरको रु.१००/- अंकित दरको १,६०,००० (एक लाख साठी हजार) कित्ता साधारण शेयर आयोजना प्रभावित क्षेत्र अर्थात बाँके जिल्लाका स्थानीय बासिन्दाहरुको लागि र जारी पूँजीको १८% अर्थात १४,४०,००० कित्ता साधारण शेयरको १०% अर्थात १,४४,००० कित्ता साधारण शेयर नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्वीकृति प्राप्त गरी विदेशमा बसी रोजगारी गरिरहेका नेपाली नागरिकहरुको लागि साधारण शेयरहरु मिति २०८१ फल्गुण २० गतेदेखि सर्वसाधारणमा निष्कासन तथा बिक्री खुल्ला गरिएकोमा आवेदकहरुबाट माग गरे भन्दा बढि शेयर खरिदका लागि आवेदन प्राप्त हुन आएकोले **आज मिति २०८१ चैत्र ५ गते (बैंकिङ्ग समय पश्चात्)** सो शेयरका लागि आवेदन लिने कार्य बन्द गरिने व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि सूचित गर्दछौं ।

यस निष्काशन कार्यमा संलग्न सम्पूर्ण संकलन केन्द्रहरु, सि-आस्वा C-ASBA सदस्य बैंक तथा वित्तीय संस्थाहरुले यसै सूचनालाई आधिकारीक मानी साधारण शेयरका लागि दरखास्त बुझिलिने कार्य **आज मिति २०८१ चैत्र ५ गते (बैंकिङ्ग समय पश्चात्)** बन्द गर्नुहुन अनुरोध गर्दछौं ।

यस निष्काशन कार्यमा सहयोग तथा सद्भाव प्रदान गर्नुहुने सम्पूर्ण शुभेच्छुकहरु, लगानीकर्ता आवेदकहरु, सि-आस्वा (C-ASBA) सदस्य बैंक तथा वित्तीय संस्थाहरु, नियमन निकाय तथा सम्बन्धित सबै निकायहरुमा धन्यवाद ज्ञापन गर्दछौं ।

| आयोजना प्रभावित क्षेत्रका बासिन्दाहरुका लागि: | |
|---|---|
| दरखास्त दिनु पर्ने न्यूनतम शेयर संख्या | : १० कित्ता |
| दरखास्त दिन पाउने अधिकतम शेयर संख्या | : १६,००० कित्ता |

| वैदेशिक रोजगारीमा रहेका नेपालीहरुका लागि: | |
|---|---|
| दरखास्त दिनु पर्ने न्यूनतम शेयर संख्या | : १० कित्ता |
| दरखास्त दिन पाउने अधिकतम शेयर संख्या | : ७,२०० कित्ता |

**दरखास्तसाथ प्रति शेयर रु.१००/- का दरले शतप्रतिशत भुक्तानी माग गरिएको**

**कम्पनीको विगत तथा आगामी ३ वर्षको नेटवर्थ सम्बन्धी विवरण :**

| विवरण | वास्तविक | | | पौष मसान्त | प्रक्षेपित | | |
|---|---|---|---|---|---|---|---|
| | आ.व.०७८/७९ | आ.व.०७९/८० | आ.व.०८०/८१ | आ.व.२०८१/८२* | आ.व.०८१/८२ | आ.व.०८२/८३ | आ.व.०८३/८४ |
| प्रति शेयर नेटवर्थ (रु.) | ९८.६० | ९९.२७ | ९६.४५ | ९६.८२ | १०१.४३ | ११०.६४ | १२०.४९ |
| प्रति शेयर आम्दानी (रु.) | (०.३५) | (०.३९) | (२.७५) | ०.३८ | ५.२६ | ९.२१ | ९.८६ |
| संचित नाफा/नोक्सान (रु.) | (१९,०६,७९२.६३) | (४१,३७,२६२.३३) | (२,२६,९४,६९६.४४) | (२,०३,४६,३३६.२०) | १,१४,०८,४१४.७५ | ८,५०,८५,६३६.२६ | १६,३९,५५,४०४.६० |

* लेखापरिक्षकबाट प्रमाणित पौष मसान्तको अपरिष्कृत वित्तिय विवरण ।

| आयोजनाको नाम | उत्पादन क्षमता | कुल लागत रकम करोडमा (रु.)* | प्रति मेगावाट लागत रकम करोडमा (रु.) | विद्युत उत्पादन अनुमति प्राप्त गरेको मिति (वि.सं.) | अनुमति बहाल रहने मिति | विद्युत उत्पादन अनुमतिको बाँकी अवधी | साधारण लगानी फिर्ता हुने अवधी | डिस्काउन्टमा लगानी फिर्ता हुने अवधी |
|---|---|---|---|---|---|---|---|---|
| सौय पि.भि. विद्युत आयोजना ब्लक-१ | (१० मे.वा.) | १२५.४७ | १२.५५ | २०७७/०९/०२ | २१०२/०९/०१ | २० वर्ष ११ महिना | ८.१२ वर्ष | १२.४२ वर्ष |
| सौर्य पि.भि. विद्युत आयोजना ब्लक-२ | (१० मे.वा.) | ११७.०६ | ११.७१ | २०७७/०८/२९ | २१०२/०८/२८ | २० वर्ष ११ महिना | | |

### क्रेडिट रेटिङ्ग सम्बन्धी व्यवस्था

**स्वीकृत विवरणपत्र अनुसार सार्वजनिक रुपमा निष्काशन गर्न लागिएको साधारण शेयरको लागि "क्रेडिट रेटिङ्ग नियमावली, २०६८" को नियम ३ मा भएको व्यवस्था बमोजिम नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त केयर रेटिङ्गस नेपाल लिमिटेड (Care Ratings Nepal Ltd), काठमाडौंबाट क्रेडिट रेटिङ्ग गराई मिति २०८१/०५/१३ गते "CARE-NP BB+ (Is) (Double B Plus [Issuer])" प्रमाणपत्र प्राप्त गरेको छ । उक्त क्रेडिट रेटिङ्गले "Issuers with this rating are considered to offer moderate risk of default regarding timely servicing of financial obligations in Nepal." भन्ने जनाउँछ । केयर रेटिङ्ग नेपाल लिमिटेडले "CARE-NP AAA (Is)" देखि "CARE-NP D (Is)" सम्मको रेटिङ्ग प्रदान गर्दछ जसमा "CARE-NP AAA (Is)" ले बलियो आधार जनाउँछ भने "CARE-NP D (Is)" ले कमजोर आधार जनाउँछ । रेटिङ्ग संकेत पछाडि रहने +(जोड) वा – (घटाउ) चिन्हले सम्बन्धित रेटिङ्ग वर्ग भित्रको तुलनात्मक स्थितीलाई जनाउँदछ ।**

**क्रेडिट रेटिङ्ग प्रदान गरेको मिति : २०८१/०५/१३** **क्रेडिट रेटिङ्ग बहाल रहने मिति : २०८२/०४/२०**

**लगानीकर्ताले धितोपत्रको सार्वजनिक निष्काशनमा लिखित वा विद्युतीय माध्यमबाट आवेदन दिंदा अनिवार्य रुपमा उक्त निष्काशनको लागि तयार गरेको विवरणपत्र पढी आफ्नो स्वविवेकले दरखास्त दिनु हुन अनुरोध गर्दछौं ।**

**नोट: स्थानीय बासिन्दाहरुलाई बाँडफाँडमा परेका शेयरहरु सर्वसाधारणलाई निष्काशन गरेको शेयर बाँडफाँड भएको मितिले तीन (३) वर्ष पूरा नभएसम्म बिक्री वितरण वा हस्तान्तरण गर्न पाइने छैन ।**

**निष्काशन तथा बिक्री प्रबन्धक:**

**NABIL® INVESTMENT BANKING LTD.**
**(A Subsidiary of Nabil Bank Ltd.)**

**नबिल इन्भेष्टमेन्ट बैंकिङ्ग लिमिटेड**
तेस्रो तल्ला, सेन्ट्रल प्लाजा, नारायण चौर, नक्साल, काठमाडौं
फोन: ४५११६०४, ४५११७३३
Email: info@nabilinvest.com.np, Url: www.nabilinvest.com.np

मिति २०८१/१२/५ गतेको आर्थिक अभियान दैनिकमा प्रकाशित गर्ने